नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल

महाराजगंज, काठमाण्डौं

## सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित : मिति २०८२।०६।२९ गते)

नेपाल प्रहरी अस्पताल महाराजगंज काठमाण्डौंमा चमेना गृह संचालन गर्नको लागि दरभाउपत्रको माध्यमद्वारा विभिन्न फर्म/कम्पनीहरुलाई प्रतिस्पर्धाद्वारा सञ्चालन गर्न दिन सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ, आवेदन फारम तथा अन्य सर्तहरुसँग सम्बन्धित विस्तृत विवरण नेपाल प्रहरी अस्पतालको website: www.nph.nepalpolice.gov.np मा राखिएको छ, इच्छुक योग्य फर्म/कम्पनीलाई यो सूचना प्रकाशित मितिले १५ दिन भित्र प्रस्तावपत्र खरिद गरि नियमानुसार यस कार्यालयमा पेश गर्नु हुन आह्वान गरिन्छ।

# नेपाल प्रहरी अस्पताल

**महाराजगंज, काठमाण्डौं**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०६।२९ गते)**

**चमेना गृह सञ्चालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

नेपाल प्रहरी अस्पताल, महाराजगंजको हाता भित्र रहेको चमेना गृह व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने भएकाले आधुनिक चमेना गृह सञ्चालन वा होटल रेष्टुरेन्ट सञ्चालन, व्यवस्थापन सम्बन्धी अनुभव प्राप्त इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् मिति २०८२।०७।१२ गते भित्र प्रस्ताव पत्र खरिद गरी १६ औं दिन अर्थात् मिति २०८२।०७।१३ गतेको १२:०० बजे भित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन आह्वान गरिएको छ।

१) प्रस्तावदाताले हिमालयन बैंक लि. महाराजगंज शाखामा "नेपाल प्रहरी अस्पताल आवाश खाता" खाता नं. ००२००६०६७४००१७ मा रु.१,०००।- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर सहित नेपाल प्रहरी अस्पताल कल्याण शाखा, महाराजगंज काठमाण्डौंमा बुझाइ प्रस्ताव पत्र खरिद गर्न सकिनेछ।

२) चमेनागृह संचालन सम्बन्धि "प्रस्तावदाताले पालना गर्नुपर्ने शर्तहरु" विस्तृत विवरण प्रस्ताव पत्रमा उल्लेख गरिएको छ।

३) सम्झौताको अवधि दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि ३ महिनाको परीक्षणकाल सहित २ बर्ष अवधिको रहनेछ।

४) नेपाल प्रहरी अस्पताल महाराजगंजमा चमेना गृह संचालन गर्नको लागि संचालकले मासिक मर्मत सम्भार एवं संचालन शुल्क वापत रु.१,००,०००।- (एक लाख) नेपाल प्रहरी अस्पताल कल्याण शाखामा बुझाउनु पर्नेछ।

५) चमेना गृह संचालन सम्वन्धी प्रस्ताव पेश गर्दा मासिक रकम खुलेको निवेदन, नेपाली नागरिकताको प्रतिलिपि (संस्था/फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत), व्यवसाय संचालन योजना, लगायत मासिक मर्मत सम्भार एवं संचालन शुल्क वापतको दुई महिना बराबरको रकम ने.रु.२,००,०००।- (अक्षेरपी: दुई लाख रुपैया मात्र) नेपाल प्रहरी अस्पताल कल्याण कोषको ग्लोबल आई.एम.ई. बैंक लि. पानिपोखरी शाखामा "नेपाल प्रहरी अस्पताल कल्याण धरौटी" खाता नं.१२७०१०१०००३७०४ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैंक/वित्तिय संस्थाबाट जारी भएको खोलुवा हुने दिन देखी न्यूनतम ७५ दिन अवधि भएको शर्त रहित (Unconditional) बैंक जमानत (Bid Bond) कागजातहरु अनिवार्य रुपमा संलग्न गरी सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

६) तोकिएको म्याद भित्र दर्ता हुने प्रस्तावहरु १६औं दिन मिति २०८२।०७।१३ गते १४:०० बजे नेपाल प्रहरी अस्पताल महाराजगंजमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा प्रस्ताव खोलिनेछ।

७) प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी अस्पताल महाराजगंज काठमाण्डौंमा सुरक्षित रहनेछ। प्रस्ताव सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा वा स्थान अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र नेपाल प्रहरी अस्पताल कल्याण शाखाको सम्पर्क नं. ०१-४५१२४३०/ ४५१२५३० मा सम्पर्क गर्न सकिनेछ।